**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

**२०७९/८० सालको निर्णय नं. १७८**

**पुनरावेदन नं. ०७७-RB-०१९२**

**मुद्दाः– आयकर (आ.व. २०७१/७२)।**

| | |
|---|---|
| का.जि.का.म.पा. वडा नं.११, सिभिल ट्रेड सेन्टर, सुन्धारा स्थित सिभिल बैंक लिमिटेडको तर्फबाट सोको अख्तियारी प्राप्त प्रमुख कार्यकारी अधिकृत गोविन्द गुरुङ..........................................................................................१ | पुनरावेदक |

**विरुद्**

| | |
|---|---|
| ठुला करदाता कार्यालय, हरिहरभवन, ललितपूर...........................................१ | प्रत्यर्थी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः- प्रमुख कर प्रशासक श्री धनिराम शर्मा

शुरु कार्यालयको निर्णय मितिः–२०७५।११।१४

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः- महानिर्देशक श्री विनोद बहादुर कुँवर

निर्णय मितिः- २०७७।०३।०७

<u>उपस्थित कानून व्यवसायीहरु</u>

पुनरावेदकका तर्फबाटः- विद्वान् अधिवक्ताद्वय श्री राधाकृष्ण पन्त र श्री बोधराज सेढाई

प्रत्यर्थी कार्यालयहरुका तर्फबाटः- विद्धान् सहायक न्यायाधिवक्ता श्री विकास वन्जारा

**अवलम्वित नजीरः** ×

आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।०७ मा भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम पर्न आएको यो पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

<u>तथ्य खण्ड</u>

१. ठुला करदाता कार्यालयको कार्यक्षेत्र अन्तर्गत बैंकिङ कारोवार गर्ने करदाता सिभिल बैंक लि.ले आर्थिक वर्ष २०७१/७२ को आयकर ऐन,२०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रु.३३,००,८४,०७३।२९ कायम गरी मिति २०७२।०९।२६ मा आय विवरण पेश गरेको।

२. सिभिल बैंक लिमिटेडको आ.व.२०७१/०७२ को आय विवरण र सोसंग सम्बन्धित कागजात तथा विवरणको अध्ययन छानविन गरी कर परीक्षण गर्दा आयकर ऐन, २०५८ बमोजिम कट्टी गर्न नपाउने खर्चहरु दावी भएको, व्यवसायको मुनाफा र लाभ गणना गर्दा समावेश हुनुपर्ने रकम समावेश भएको नदेखिएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित करयोग्य आय कायम गर्नु पर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ दिन पेश गर्न आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिम मिति २०७५।१०।२४ मा करदाताको नाममा जारी गरिएको सूचना।

३. ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट मिति २०७५।१०।२४ मा जारी गरिएको सूचना करदाताले मिति २०७५।१०।२७ मा वुझिलिई मिति २०७५।११।१२ मा लिखित जवाफ पेश गरेको।

४. करदाताको आ.ब. २०७१।७२ को लागि देहाय अनुसार रु.३३,५५,०५,७३०।०० करयोग्य आय कायम गरी आयकर ऐन, २०५८ को दफा १०१ वमोजिम कर अधिकृतले संशोधित कर निर्धारण गरी सोही ऐनको दफा १०२ वमोजिम करदातालाई सूचना दिने भनी ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७५।११।१४ मा खडा भएको निर्णय पर्चा।

५. ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७५।११।१४ मा जारी गरेको आ.ब २०७१।७२ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित नबुझाई

करदाता सिभिल बैंक लिमिटेडले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७५।१२।०७मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन।

६. करदाता सिभिल बैंकले लागु गरेको योजना अन्तर्गत आफ्ना कर्मचारीहरुलाई उपलब्ध गराएको भनिएको सवारी साधनहरुलाई आफ्नो स्थायी सम्पतिको सुचीमा समावेश गरी वर्ग "ग" अन्तर्गत समहीकृत गरी आयकर ऐन, २०५८ को दफा १९ बमोजिम उक्त सवारी साधनहरुको ह्रास खर्च वापत दावी गरेको खर्च कट्टी तथा ती सवारी साधनको मर्मत खर्च आयकर ऐन, २०५८ को दफा १३ (ग) अनुरुपको खर्च नभएकोले सोही ऐनको दफा २१(१)(क)(च) बमोजिम खर्च कट्टी नपाउने भनी कार्यालयबाट भएको संशोधित कर निर्धारण कानूनसम्मत नै देखिएकोले निवेदकको निवेदन जिकिर नपुग्ने ठहर्छ भनी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।०७ मा भएको निर्णय।

७. पुनरावेदकले बैंकिङ क्षेत्रमा चलेको अभ्यासलाई अनुसरण गर्दै यस क्षेत्रमा रहेका उत्कृष्ट जनशक्तिलाई सिभिल बैंकमा आबद्ध गराउन तथा व्यवस्थापन तहमा भएका कर्मचारीहरुलाई retain गर्ने बैंकको नीति अनुसार संचालक समितिको निर्णय गराई Own Your Vehicle Scheme (OYVS) योजना अन्तर्गत सवारी साधनको सुविधा प्रदान गरेको र उक्त सवारी साधनको प्रयोग सम्वन्धित कर्मचारीले वैंकको कार्यालय समयमा कार्यालय प्रयोजनको लागि गर्ने साथै कार्यालय समय पश्चात आफ्नो निजी प्रयोग समेत गर्ने गरेको भएतापनि ती सुविधाको रुपमा उपलव्ध गराएका सवारी साधानको स्वामित्व वैंकमै रहने हुँदा उक्त सुविधाको सवारी साधनको ह्रास खर्च तथा मर्मत खर्च कट्टी दिन नमिल्ने भनी ठुला करदाता कार्यालयबाट भएको आदेश एंव सोही आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णय समेत कानुनसम्मत नभएकोले सो निर्णय वदर गरी करदाताको माग दावी वमोजिम ह्रास खर्च कट्टी गर्न पाउने गरी फैसला गरी पाउँ भनी करदाता सिभिल बैंक लिमिटेडले यस न्यायाधिकरणमा मिति २०७७।६।२३ मा दर्ता गरेको पुनरावेदन पत्र ।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दाफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने मिति २०७८।१०।१४ को यस न्यायाधिकरणबाट भएको आदेश।

## ठहर खण्ड

९. नियम बमोजिम पेसी सूचिमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता सिभिल बैंक लिमिटेडका तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ताद्वय श्री राधाकृष्ण पन्त र श्री बोधराज सेढाईले पुनरावेदक करदाता सिभिल बैंकको नीति अनुसार संचालक समितिबाट निर्णय गराई Own Your Vehicle Scheme (OYVS) योजना अन्तर्गत सवारी साधनको सुविधा व्यवस्थापन तहका कर्मचारीलाई प्रदान गरेको तथा सो सवारी

साधनको स्वामित्व बैंकमा रही कार्यालय प्रयोजनको लागि प्रयोग गर्ने गरी सवारी साधनको व्यवस्था गरिएकोले सोमा भएको ह्रास खर्च तथा मर्मत खर्च कट्टी दिन नमिल्ने भनी ठुला करदाता कार्यालयबाट भएको आदेश एंव सोही आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय कानुनसम्मत नभएकोले वदर गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

१०. प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री विकास वन्जाराले शुरू कार्यालयबाट करदाता सिभिल बैंकले कर्मचारीका लागि खरिद गरिएको भनिएका सवारी साधनहरु आफ्नो स्थायी सम्पतिको सुचीमा समावेश गरेकोले सोमा ह्रास खर्च वापत दावी गरेको खर्च कट्टी तथा ती सवारी साधनको मर्मत खर्च कट्टी दिन नमिल्ने गरी भएको संशोधित कर निर्धारणको आदेश र सो आदेशलाई सदर गरी अन्तरिक राजस्व विभागका महानिर्देशकले गरेको निर्णय समेत कानूनसम्मत नै रहेको देखिँदा सदर गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

११. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, ठूला करदाता कार्यालय ललितपुरबाट पुनरावेदक करदाताको हकमा भएको संशोधित कर निर्धारणको आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने प्रश्नमा नै निर्णय दिनुपर्ने देखियो।

१२. पुनरावेदन करदाताको पुनरावेदन जिकिर हेर्दा, OYVS योजना अन्तरगत खरिद गरिएका सवारी साधनको दावी बमोजिमको ह्रास खर्च नदिएको निर्णय त्रुटीपुर्ण रहेकोले बदर हुनुपर्ने भन्ने देखिन्छ। करदाताले यस आ.ब. मा जम्मा रु.६,८०,७०,८२५।- ह्रास खर्च कट्टी दावी गरेकोमा सो मध्ये रु.५२,७७,५१६।४२ OYVS वापतको ह्रास खर्च कट्टी रहेको पाइयो। त्यस्ता सवारी साधन कर्मचारीले नितान्त व्यक्तिगत रुपले प्रयोग गरेकोले त्यस्ता सवारी साधनको ह्रास खर्चलाई ठुला करदाता कार्यालयले अमान्य गरेको मिसिलबाट देखियो। आयकर ऐन, २०५८ को दफा १९(१) मा "कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनका लागि सो व्यवसाय वा लगानीबाट सो व्यक्तिको आय आर्जन गर्न सो वर्षमा आफ्नो स्वामित्वमा रही प्रयोग गरेको ह्रास योग्य सम्पत्तिको ह्रास भए वापत अनुसूची-२ बमोजिम ह्रास खर्च कट्टी गर्नु पर्नेछ" भन्ने व्यवस्था रहेको देखिन्छ। पुनरावेदक बैंकले Staff Vehicle Facility अन्तर्गत यस आ.ब.मा खरिद गरेको सवारी साधनहरु सुविधा प्राप्त गर्ने कर्मचारीहरुले आफैले छनौट गरी आफुले चाहेको सवारी साधन खरिद गर्ने, त्यस्तो सवारी साधनको भोगाधिकार सम्बन्धित कर्मचारीमा रही कर्मचारीले नै व्यक्तिगत रुपमा प्रयोग गर्ने गरेको अबस्था देखिन्छ। त्यस्ता सवारी साधन बैंकको व्यवसाय वा

आय आर्जनमा बैंकले प्रयोग गरेको अवस्था देखिदैन। सुविधा प्राप्त गर्ने कर्मचारीले बैंकको हित विपरीत वा सेवा शर्त उल्लंघन गरेको अवस्थामा उक्त सुविधाबाट वन्चित गर्नको लागि सुरक्षण वापत मात्र त्यस्तो सवारी साधनमा बैकको स्वामित्व कायम गर्न बैकको नाममा सवारी साधन दर्ता सम्म गराएको अवस्था देखिन्छ। यसरी बैकले सुविधा अन्तर्गत आफ्ना कर्मचारीहरुलाई उपलव्ध गराएको सवारी साधनलाई बैकको स्थायी सम्पतिको सूचीमा समावेश गरी आयकर ऐन, २०५८ को अनुसुची-२ को खण्ड (१) को वर्ग "ग" अन्तर्गत "अटोमोवाइल्स, बस तथा मिनिबसहरु" भन्ने समुहमा समहीकृत गरी ह्रास खर्च वापत आयकर ऐन, २०५८ को दफा १९ को उपदफा (१) बमोजिम ह्रास कट्टी दिन मिल्ने कानूनी आधार देखिन आएन। त्यसैले बढी ह्रास खर्च कट्टी दावी गरेको रु.५२,७७,५१६।४२ खर्च कट्टी अमान्य हुने गरी ठुला करदाता कार्यालयबाट भएको निर्णय र त्यसलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णयलाई अन्यथा भन्न मिलेन।

१३. पुनरावेदक करदाताको अर्को पुनरावेदन जिकीर हेर्दा, Own Your Vehicle Scheme (OYVS) अन्तर्गत आफ्ना कर्मचारीलाई उपलब्ध गराएको सवारी साधनहरुको मर्मत तथा सुधार खर्च बापत रु.१,४४,१४०।- भएको खर्चकट्टी अमान्य गरेको सम्वन्धमा रहेको देखिन्छ। माथि प्रकरण न. १२ मा विवेचना भए बमोजिम पुनरावेदक करदाताले खरिद गरी कर्मचारीहरुलाई सुविधा वापत उपलव्ध गराएको सवारी साधनको प्रयोग करदाता बैंकले नगरी सम्बन्धित कर्मचारीले गरेको देखिएको हुँदा आयकर ऐन, २०५८ को दफा १६ बमोजिम बैकले प्रयोग नै नगरेको सवारी साधनको मर्मत तथा सुधार खर्चलाई मान्यता दिन मिल्ने देखिदैन। करदाता बैंकले खरिद गरेको सवारी साधन आफ्नो कम्पनीको कारोबारसँग सम्बन्धित छ भनी पुष्टी गर्न वा सो सवारी साधन आफ्नो व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यमा प्रयोग भएको भनी कुनै प्रमाण पेश गर्न सकेको समेत देखिदैन। यस्तो अबस्थामा आयकर ऐन, २०५८ को दफा १३ वमोजिम करदाता बैंकले आफ्नो व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यमा भएको खर्च भनी दावी लिएको सवारी साधन मर्मत गर्दा भएको खर्चलाई व्यवसायसँग सम्वन्धित रहेको मान्न सकिने कानूनी आधार नरहेकोले आयकर ऐन, २०५८ को दफा २१(१)(क)(च) बमोजिम खर्च कट्टी गर्न नपाउने भनि ठुला करदाता कार्यालयबाट भएको संशोधित कर निर्धारण आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णयलाई त्रुटीपुर्ण भन्ने कारदाताको जिकिरसँग सहमति हुन सकिएन।

१४. **तसर्थ माथि विवेचित आधार र कारणबाट करदाता सिभिल बैंक लि.(स्थायी लेखा नं.३०४४२५८२४) को आ.ब २०७१।७२ को आयकरतर्फको संशोधित कर निर्धारण गरी ठुला करदाता कार्यालयबाट मिति २०७५।११।१४ मा भएको आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति**

**२०७७।०३।०७ मा भएको निर्णय समेत मिलेकै देखिँदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदक जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नू।**

<u>तपसिल खण्ड</u>

१. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई दिनू।
२. फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू।
३. प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी शुरु मिसिल ठुला करदाता कार्यालयमा पठाईदिनू।
४. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
ईजलास अधिकृतः-भीष्म भट्टराई
इतिसम्बत २०७९ साल फागुन ४ गते रोज ५ शुभम......................
प्रमाणीकरण गर्नेः-

प्रमाणीकरण मितिः-    राजस्व न्यायाधिकरण काठमाडौंको छाप